**ईशनाथ नगरपालिका**
Ishnath Municipality
**नगर कार्यपालिकाको कार्यालय, औंरैया, रौतहट**
Office Of The Municipal Executive Auraiya, Rautahat
प्रदेश नं. २, नेपाल
Province No. 2, Nepal

पत्र संख्याः- ०७७/०७८
चलानी नं.:- ११११

मितिः- २०७८/०२/२६

विषयः- विद्यार्थी मूल्याङ्कनको नतिजा प्रकाशन तथा नयाँ भर्ना सम्बन्धमा ।

श्री सबै सामुदायिक तथा संस्थागत विद्यालयहरु
ईशनाथ नगरपालिका, रौतहट ।

प्रस्तुत विषयमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको चलानी नं. ३९४ मिति २०७८/०२/२३ गतेको पत्रानुसार नयाँ शैक्षिक सत्र २०७८ आषाढ १ गते देखि सञ्चालन हुने भएकोले यस नगरपालिका भित्रका सम्पूर्ण विद्यालयहरुले तपसिल अनुसारका व्यवस्था गर्न गराउनु हुन् निर्देशानुसार अनुरोध छ ।

तपसिल

१. विद्यालयहरुले कक्षा १ देखि कक्षा ७ सम्म र कक्षा ९ को परीकक्षाफल आन्तरिक मूल्याङ्कनबाट जेष्ठ मसान्त भित्र प्रकाशित गर्ने ।
२. नगर स्तरीय परीक्षा (कक्षा ८) को परीक्षा संचालन भएको विषयमा सोही अनुसार तथा संचालन नभएको विषयहरुको परीक्षा दोस्रो अर्धवार्षिक परीक्षा तथा निरन्तर मूल्याङ्कन पद्धतिबाट जेष्ठ ३१ गते प्रकाशन गरी असार ५ गते मार्कलेजर कार्यालयमा पेश गर्ने ।
३. विद्यर्थीहरुको कक्षोन्नती गरी विद्यार्थी भर्ना कार्य असार १ गतेबाट संचालन गर्ने तथा अर्को विद्यालयमा भर्ना हुन चाहने विद्यार्थीहरुलाई स्थानान्तरण प्रमाणपत्र प्रदान गर्ने ।
४. शैक्षिक सत्र २०७८ मा माथिल्ले कक्षामा अध्ययन गर्ने विद्यार्थीहरुको लागि असार १ गते देखि भर्नाको अभियान कायम गर्ने, विद्यालयले सम्भव भएसम्म आफ्नो सेवा टेलिफोन वा अनलाइन माध्यमबाट अभिभावकहरुलाई सम्पर्क गरी वा स्थानीय प्रशासनबाट जारी भएको आदेशानुसार गर्ने गराउने ।
५. यस नगरपालिका अन्तरगतका सामुदायिक विद्यालयहरुले EMIS मा विद्यालयको विवरण प्रविष्ट नगरेको हो सो विद्यालयहरु ३ तिन दिन भित्रमा Update गर्ने ।

.............................
राजेन्द्र प्रसाद यादव
शिक्षा शाखा